# प्रारम्भिक बालविकास  शिक्षकका लागि पुनर्ताजगी तालिम पाठ्यक्रम

## १. परिचय

प्रारम्भिक बालविकास शिक्षा नेपालको शिक्षाको संरचनाको जग हो ।नेपालको शिक्षाको प्रारम्भ यसैबाट सुरु हुन्छ । जग बलियो भए घर बलियो हुन्छ भन्ने नेपाली उखान पनि छ । नेपाली शिक्षाको जग बलियो बनाउन यही प्रारम्भिक बालविकास शिक्षालाई बलियो बनाउनु अनिवार्य छ ।यसै विषयलाई मध्यनजर गर्दै बागमती प्रदेश सरकारले प्रारम्भिक बालविकास शिक्षामा लगानी बढाउँदै गएको देखिन्छ । यसैको निरन्तरता प्रारम्भिक वालिकास केन्द्रका शिक्षकहरूको तालिम र तालिम पाठ्यक्रम निर्माण पनि एक हो ।

नेपालको संविधानमा मौलिक हकअन्तर्गत धारा ३९ को उपधारा ३ मा बालबालिकाहरूलाई प्रारम्भिक बाल विकासको हक हुने छ भन्ने व्यवस्था रहेको छ । प्रारम्भिक बालविकास अन्तर्राष्ट्रिय स्तरमा गर्भावस्थादेखि ८ वर्षमुनिका बालबालिकालाई प्रारम्भिक बालविकास मानिएको छ । नेपालमा ५ वर्षमुनिका बालबालिकालाई एक वर्षको अनिवार्य शिक्षाको व्यवस्था पनि सो रणनीतितर्फ उन्मुख भएको पाइन्छ ।

नेपालको संविधानको धारा ३१ (१) मा प्रत्येक  नागरिकलाई  आधारभूत  शिक्षामा  पहुँचको  हक  हुने  र उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने व्यवस्था उल्लेख छ । बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी  बनाउनु  राष्ट्रिय राष्ट्रिय शिक्षा नीति, २०७६ को उद्देश्य,  विद्यालय शिक्षाको राष्ट्रिय  पाठ्यक्रम प्रारूप, २०७६ मा चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर  प्रदान  गर्ने  उल्लेख छ। विद्यालय क्षेत्र विकास योजनाले आधारभूत तहको उद्देश्य (२०१६-२०२२) ले ५ वर्षमुनिका बालबालिकाको शारीरिक,  सामाजिक संवेगात्मक,  संज्ञानात्मक,  आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास पूर्वप्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु र विद्यालय प्रवेशको तयारी गराउन राखेको देखिन्छ । यही नीतिगत व्यवस्थालाई सारभूत रूपमा व्यावहारिक बनाउनका लागि यो तालिम पाठ्यक्रम निर्माण गर्नु परेको हो।

## २. तालिमको लक्ष्य तथा उद्देश्य

सहभागीहरू यस तालिमको अन्त्यमा निम्नलिखित कार्यमा सक्षम हुने छन् ।

(क) मानव विकासअन्तर्गत (प्रारम्भिक बालविकासदेखि वृद्धावस्थासम्म) यसका विभिन्न चरणहरू  बताउन।

(ख) बालबालिकाको उमेरगत वृद्धि,  विकास र सिकाइको  महत्त्वबारे छलफल गर्न  ।

(ग) प्रारम्भिक बालविकास पाठ्यक्रम अध्ययन    गर्न  र सिकाइमा प्रयोगमा गर्न ।

(घ) स्थानिय शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न।

(ङ) प्रारम्भिक बालविकासको न्यूनतम मापदण्डबारे छलफल गर्न  र  विषयगत सिकाइ क्षेत्रहरूको व्यवस्थापन गर्न।

(च) बालबालिकाको बहुमुखी प्रतिभा,  बालव्यवहार र सिकाइको आधारमा क्रियाकलाप  निर्माण र प्रयोग गर्न ।

(छ) प्रारम्भिक बालविकास न्यूनतम मापदण्डको आधारमा विकासबारे छलफल गर्न ।

(ज) बालविकासमा अभिभावकहरूको भूमिका बारे बताउन

## ३. तालिमको सक्षमता

यस तालिमको अन्तमा सहभागीहरूमा निम्नअनुसारका सक्षमताहरू हासिल हुने छन् :-

- प्रारम्भिक बालविकास दिग्दर्शन) पाठ्यक्रम (अनुरूप प्रारम्भिक बा विकास केन्द्रका कक्षा सञ्चालनमा विषयगत (Thematic) शिक्षण प्रयोग गर्न सम्बन्धित कार्यक्रम सञ्चालन।
- सिकाइ क्षेत्रहरू पहिचान गरी प्रयोग।
- सिकाइ सामग्रीहरू निर्माण र प्रयोग।
- बालविकास केन्द्रको भौतिक तथा कक्षा व्यवस्थापनसम्बन्धी सिपको विकास।
- बालविकास सम्बन्धी नीतिगत व्यवस्थाको पालना।
- बालवालिकालाई खेल, गीत, कथा, सञ्चार र सङ्गीतको माध्यमबाट विकास र सिकाइ गराउन।
- अनुगमन अभिलेखीकरण गर्न
- पाठ्यक्रमअनुसार।
- (ELDS) प्रारम्भक बालविकास मापदण्डको आधारमा विकास र सिकाइको मूल्याङ्कन।

## ४. तालिमको संरचना र सञ्चालन

(क) यो तालिम ५ दिन अवधिको हुने छ। दिनको ३ सेसन हुने छ भने प्रति सेसन १:३० घण्टाको समय हुने छ।

(ख) तालिम पूर्ण रुपमा Face to Face माध्यमबाट सञ्चालन हुने छ।तालिमको प्रभावकारिताका लागि ICT को प्रयोग गर्न सकिन्छ।

## ५. तालिमको विषयवस्तु तथा विस्तृतीकरण

| क्र.सं. | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित क्रियाकलाप/विधिहरू | भार |
|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास अवधारणा, सिकाइ र व्यवहार | • बालविकासको अवधारणा<br>• बालबालिकाको सिकाइ<br>• बालबालिकाको व्यवहार | • प्रस्तुतीकरण<br>• छलफल | १ |
| २. | प्रारम्भिक बालविकासका बहुआयामिक पक्षको विश्लेषण | • स्वास्थ्य<br>• पोषण<br>• उत्प्रेरणा<br>• स्याहार | • प्रस्तुतीकरण<br>• छलफल | १ |

| | | | | |
|---|---|---|---|---|
| ३. | प्रारम्भिक बालविकासका  र शिक्षाको पाठ्यक्रम | • प्रारम्भिक बालविकासका  र शिक्षाको पाठ्यक्रम | • समूहमा अध्ययन<br>• छलफल निष्कर्ष | १ |
| ४. | कक्षाकोठा व्यवस्थापन तथा सिकाइमा समावेशी अवधारणा | • कक्षाकोठा व्यवस्थापन<br>• समावेशीको अवधारणा | • समूहमा अध्ययन<br>• छलफल निष्कर्ष | १ |
| ५. | सिकाइ सामग्री निर्माण र प्रयोग | • सिकाइ क्षेत्र<br>• सिकाइ क्षेत्रानुसारका सामग्री निर्माण र प्रयोग | •  सिकाइ क्षेत्रको छलफल र प्रस्तुतीकरण<br>• सिकाइ क्षेत्रानुसारका सामग्री निर्माण अभ्यास | ४ |
| ६. | प्रारम्भिक बालविकास केन्द्रको लागि न्यूनतम राष्ट्रिय मापदण्ड | • प्रारम्भिक बालविकास केन्द्रको लागि न्यूनतम राष्ट्रिय मापदण्ड | • छलफल<br>• अध्ययन र प्रस्तुतीकरण | २ |
| ७. | सिकाइ तथा विकासको लेखाजोखा | • सिकाइ तथा विकासको लेखाजोखा | • **ELDS** प्रयोगको अभ्यास | १ |
| ८. | सिकाइ सहजीकरण | • सिकाइ सहजीकरणका तौरतरिका | • सहजकर्ताबाट सहजीकरण नमुना प्रस्तुतीकरण<br>• सहभागीबाट अभ्यास | २ |
| ९. | उद्घाटन र समापन /प्रिटेस्ट तथा पोष्टटेस्ट | | | २ |

## ६. तालिम कार्यान्वयन कार्यविधि

उल्लिखित विषयवस्तुहरूको प्रस्तुतिका लागि सहजकर्ताले निम्नलिखित विधिहरूलाई मार्गदर्शनका रुपमा लिन सकिने छ ।

- सहभागितामूलक, अन्तर्क्रियात्मक र सिकारु केन्द्रित विधि
- परियोजना विधि (Project based Learning)
- प्रयोगात्मक विधि (Experiment method)
- समूह कार्य

## ७. तालिम मूल्याङ्कन

तालिमलाई नियमित, अनुशासित र फलदायी बनाउन निम्नानुसारको मूल्याङ्कनका साधनहरू प्रयोग गर्नु पर्ने छ ।

- Pre-Test: यो तालिमको शुरुवाती चरणमा प्रयोग गरिने साधन हो । यसले सहभागीहरूमा तालिममा सहभागी हुनु अगाडि भएको ज्ञान सिपको लेखाजोखा गरिने छ। अन्तमा Post Test सँग आबद्ध गरी नतिजा तुलना गर्न मुख्य आधार हुने छ ।
- सहभागीहरूको दैनिक हाजिरी मूल्याङ्कन
- सक्रिय सहभागिता, प्रस्तुतीकरण
- दैनिक रुपमा तालिम विषयवस्तुसँग सम्बन्धित Quize सञ्चालन
- नियमितता र अनुशासन
- End Training Evaluation (Quiz, Subjective Test)
- Post Test: Post Test तालिमको अन्तमा लिइने परीक्षाको साधन हो । Pre Test सँग यसको तुलना गरी नतिजा विश्लेषण गरिने छ ।

उल्लिखित मूल्याङ्कनका साधनहरूद्वारा सबै सहभागीको आवश्यकताअनुसार मूल्याङ्कन गरिने छ। यो मूल्याङ्कन तालिम केन्द्रको आन्तरिक प्रयोजनका लागि उपयोग गरिने छ ।

तालिमको अन्तमा दिइने प्रमाण पत्र प्रदान गर्दा यसको आधार लिइने छैन ।